का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ कात्तिक २०८१,
बुधबार
23 October, 2024
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक २४७ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

ई-पेपर हेर्न

# रास्वपाको धनराज 'कार्ड'

पार्टी सभापति रवि लामिछानेमाथिको सहकारी ठगी र संगठित अपराधमाथिको अनुसन्धानबाट मानिसहरूको ध्यान डाइभर्ट गर्नका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता/कार्यकर्ता प्रदर्शन गरिरहेका छन् ।



माननीय धनराज गुरुङमाथि छानबिन हुन्छ कि हुँदैन ? म कांग्रेसका माननीयहरुलाई यो प्रश्न गर्न चाहन्छु ।

**गणेश पराजुली**
नेता, रास्वपा

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ६ कात्तिक ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङ एवं प्रतिनिधि सभा सदस्य धनराज गुरुङमाथि प्रश्न उठाएको छ । गुरुङ सहकारी ठगीमा मुछिएको भन्दै उनीहरू सरकारमाथि प्रश्न उठाइरहेका छन् ।

सूर्यदर्शन सहकारी संस्थाको बचत अपचलनमा संलग्न रहेको आरोपमा लामिछाने गत शुक्रबार काठमाडौंबाट पक्राउ परेका थिए । त्यसपछि उनलाई कास्कीको पोखरा लगिएको छ । प्रहरीले लामिछानेविरुद्ध संगठित अपराधमा समेत अनुसन्धान गरिरहको लामिछाने निर्दोश रहेको र सरकारले प्रतिसोध साधेँको भनेर रास्वपाका नेता/कार्यकर्ता पोखरा केन्द्रित प्रदर्शनमा छन् ।

पार्टी सभापतिको समर्थनमा प्रदर्शन गरिरहेका रास्वपाका नेता/कार्यकर्ताहरूले कांग्रेसका उपसभापति गुरुङमाथि प्रश्न उठाएका हुन् । गुरुङ सहकारी ठगीमा मुछिएको भन्दै उनीहरूले प्ले कार्ड समेत देखाइरहेका छन् । पार्टी सभापति रवि लामिछानेमाथिको सहकारी ठगी र संगठित अपराधमाथिको अनुसन्धानबाट मानिसहरूको ध्यान डाइभर्ट गर्नका लागि रास्वपाका नेता/कार्यकर्ताले प्रदर्शन गरिरहेका छन् ।

धनराजविरुद्ध प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सीआईबी) उजुरी परेको छ । संसदीय छानबिन समितिले पनि गुरुङमाथि पृष्ठ २ मा




## बाबुरामलाई 'नयाँ शक्ति' मोह



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ कात्तिक ।

डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा)ले पार्टीको नाम र झण्डा परिवर्तन गरेको छ । कास्कीको पोखरामा सम्पन्न विधान अधिवेशनबाट पार्टीको नाम नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) र संक्षिप्तमा नेसपा नयाँ शक्ति राख्ने निर्णय भएको हो ।

माओवादी केन्द्र छाडेर नयाँ शक्ति पार्टी बनाएका डा. बाबुराम भट्टराई अन्य दलसँगको एकतामा समाजवादी राखेर अगाडि बढ्न तयार भएका थिए । पछिल्लो समय नेपाल समाजवादी पार्टीको नाममा गतिविधि गर्दै आएका उनले मंगलबार पार्टीको नाममा 'नयाँ शक्ति' थपेका हुन् ।

यो पार्टीको सचिवालय बैठक पनि मंगलबार नै बसेको थियो । उक्त बैठकले महाधिवेशनमा प्रत्येक पार्टी सदस्यले प्रत्यक्ष मतदान गर्ने व्यवस्था गर्ने निर्णय अनुमोदन गरेको छ ।

महाधिवेशन आगामी माघ २५,२६ र २७ गते काठमाडौंमा गर्ने निर्णय भएको छ।

अधिवेशनले पार्टीको केन्द्रीय समिति सदस्य ९९ जना, ११ सदस्यीय पदाधिकारी हुने व्यवस्था पारित गरेको छ । जसमा १ अध्यक्ष, ५ उपाध्यक्ष (१ महिला, १ जनजाति, १ मधेसी, १ खसाआर्य, १ दलित), १ महासचिव, ३ सचिव, १ कोषाध्यक्ष हुनेछन् ।

निर्वाचन समिति ३३ सदस्यीय हुनेछन् । सबै तहमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट नेतृत्व चयनको व्यवस्था पारित गरिएको छ । पार्टीमा युवाको नेतृत्व स्थानीय तहमा ४० प्रतिशत, प्रदेशमा ३० पृष्ठ २ मा

# सडकमा प्रतिपक्षी

विपद्पछिको राहत र उद्धार, सरकारको कामकारबाहीलाई लिएर प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएलगत्तै प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले सरकारविरुद्ध प्रदर्शन गर्न लागेको हो ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ६ कात्तिक ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले कातिक १० गते काठमाडौंमा प्रदर्शन र खबरदारी सभा गर्ने भएको छ ।

गत असोज दोस्रो साता अविरल वर्षापछिको विपद्मा उद्धार, राहत र पुनर्स्थापनाबारे सरकारको कामकारबाहीलाई लिएर प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाए माओवादी केन्द्रले सरकार विरुद्ध प्रदर्शन गर्न लागेको हो ।

माओवादी केन्द्रको अग्रसरतामा विपक्षी दलहरूले सोमबार प्रधानमन्त्री ओलीलाई भेटेर ज्ञापनपत्र बुझाएका थिए । बालुवाटारमा भएको भेटमा विपक्षी दलहरूले १३ बुँदे माग सरकारसँग राखेका थिए । जसमा वर्षाबाट राष्ट्रव्यापी क्षति




भएका स्थानहरूको पहिचान गरी राहत र पुनस्थापनाका कार्यहरू तत्काल सुरु गर्नुपर्ने लगायतका विषय उल्लेख छ ।

सहकारी छानबिन संसदीय विशेष समितिको प्रतिवेदनले दिएको सुझाव अनुसार सहकारी पीडितको रकम फिर्ता हुने विषयको सुनिश्चितता गर्न पनि विपक्षी दलहरूको माग छ ।

नेपाल विद्युत् प्राधिकरण लगायतका सार्वजनिक संस्थानहरू, विश्वविद्यालय र कर्मचारीतन्त्रमा भइरहेको राजनीतिक हस्तक्षेप भइराखेको भन्दै विपक्षी दलहरूले सरकारको ध्यानाकर्षण गरेका छन् ।

सरकारलाई ध्यानाकर्षण गराएपछि माओवादी केन्द्रले सरकारका गलत कमदको विरोध र गर्नुपर्ने काम लागि ध्यानाकर्षण गराउन भन्दै काठमाडौंको प्रदर्शनीमार्गमा कातिक १० पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### सरकारले युरोपको रोजगारीमा ध्यान नदिँदा युवाहरु ठगिएको ठगियै

# व्यक्तिगत श्रम स्वीकृति धमाधम, संस्थागत ठप्प

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ कात्तिक

यूएई सरकारले सामाजिक सञ्जालमा वैदेशिक रोजगारका विज्ञापन गर्न प्रतिबन्ध लगाए पनि आकर्षक विज्ञापन र झुटा आश्वासनमा बेरोजगार नेपाली युवायुवतीलाई ट्र्यापमा पार्ने गिरोहहरू सक्रिय देखिएका छन् । उनीहरूले यूएईस्थित स्पेनिस कम्पनी र युरोपका क्रोएसिया, अल्बानिया, लिथुवानिया, सर्भिया, बेलारूस, रोमानियालगायतका देशमा रोजगारीको अवसर र आवासीय अनुमति (पीआर) ग्यारेन्टी भन्दै आकर्षक भाषा शैलीमा सामाजिक सञ्जाल ह्वाट्सएप र टिकटकमार्फत विज्ञापन गरी ठगी गर्ने गरेको पीडितहरू बताउँछन् ।

यस्ता विज्ञापनबाट प्रभावित भएर युरोपेली मुलुकमा रोजगारीमा जान चाहने युवायुवतीले ठूलो रकम गुमाउने गरेका छन् । कतिपय वैदेशिक रोजगारमा वर्षौंदेखि कमाएको रकम पनि युरोप पुग्ने आशमा दलाललाई सुम्पिएर हात खाली गराइ बिचल्लीमा पर्ने गरेको पीडितहरूको भनाइ छ ।

सामाजिक सञ्जालको विज्ञापनमा ठगी गिरोहहरूले दुईदेखि तीन हप्तामै काम हुने झुटो आश्वासन बाँड्ने गरेका छन् । त्यस प्रकारको झुटो विज्ञापनको प्रभावका कारण नेपालबाट युवाहरू भिजिट भिसा प्रयोग गरेर यूएई जाने गरेका छन् । शुरूमा ह्वाट्सएपमा जोडिएर उनीहरूले थप कुराकानी गर्दै 'वर्क पर्मिट'का लागि ह्वाट्सएपबाटै फोटो खिचेर कागजात र तीन हजार दिराम माग गर्ने र कतिपयले नेपालमै बैंक खातामा ६ लाखसम्म जम्मा गर्न लगाउने गरेको बताइएको छ ।

रकम पठाएपछि अफर लेटर आइसकेको र एक साताभित्र सबै प्रक्रिया पूरा गरी युरोप जान सकिने भन्दै दलालहरूले थप रकम पठाउनुपर्ने दबाब दिने गरिएको ठगीमा परेकाहरूको भनाइ छ । त्यसका लागि उनीहरूले रोजगारीका लागि यूएई गएका आकर्षक अनुहारका युवतीहरूलाई समेत प्रयोग गर्ने गरेका छन् । ठगीका अनेक जाल प्रपञ्च गरेर रकम हात परेपछि ठगी गिरोहले पीडितहरूलाई सामाजिक पृष्ठ २ मा

# निष्क्रिय मिनी संसद

### विधेयक अघि बढाउन सभामुखले लिए पहल



अब बस्ने पाँचौं अधिवेशनमा सबै विधेयक अनिवार्यरुपमा पेश गर्नका लागि सभामुखले निर्देशन नै दिनुभएको छ ।

**अब्दुल खान**
सभापति, उद्योग समिति

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ कात्तिक ।

संसदीय समितिहरू निष्क्रिय भएपछि सभामुख देवराज घिमिरेले चासो देखाएका छन्। मंगलबार राजनीतिक दलका प्रमुख सचेतक र सचेतक तथा संसदीय समितिका सभापतिहरूलाई बोलाएर सभामुख घिमिरेले छलफल गरे । संसदीय समितिमा विधेयक अड्किनु विडम्बनापूर्ण रहेको बताए । संघीय संसद सचिवालयका अनुसार प्रतिनिधि सभाका विषयगत समितिमा १५ वटा विधेयक विचाराधीन छ । त्यसमध्ये संविधान कार्यान्वयनसँग जोडिएको संघीय निजामति सेवा विधेयक हाल राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफलमा छ ।संघीय निजामति सेवा विधेयक २१ फागुन २०८० मा तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीले प्रतिनिधि सभामा दर्ता गरेकी थिइन् । यो विधेयकमाथि सांसदहरूले एक सय २४ समूहमा एक हजार पाँच सय ८३ वटा संशोधन हालेका छन् ।

१५ जेठ २०८१ मा दफावार छलफलका लागि राज्य व्यवस्था तथा सुशासन समितिमा पुगेको थियो । तर समितिले यो विधेयकमाथि छलफलको सुरुवात नै गरेको छैन ।

विद्यालय शिक्षा विधेयकमा पनि सभामुखको चासो छ । तत्कालीन शिक्षा विज्ञान तथा प्रविधिमन्त्री अशोक कुमार राइले प्रतिनिधि सभामा पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
७ कात्तिक २०८१, बुधबार
23 October 2024, Wednesday

### वन मन्त्रालयको सय दिन

# द्रुतमार्ग निर्माणमा वन क्षेत्रका अवरोध हटाइयो

**काठमाडौं/मस**-वर्तमान सरकार गठन भएको मंगलबार एक सय दिन पुगेको छ। यस अवधिमा सरकारले गरेका विभिन्न उपलब्धिसँगै वन तथा वातावरण मन्त्रालयले गरेको उपलब्धि सार्वजनिक गरेको छ। वन तथा वातावरण मन्त्रीको रूपमा ऐनबहादुर शाही ठकुरी आएपछि मन्त्रालयमा रोकिएका काम अघि बढेको र लामो समयदेखि हुन नसकेका निर्णय भएको मन्त्रालयले जनाएको छ।

यस अवधिमा मन्त्रालयले काठमाडौंबाट तराई/मधेस प्रदेश जोडने द्रुत निर्माणमा देखिएका कानुनी अवरोध समाधान गर्ने प्रक्रियालाई महत्वका साथ अघि बढाएको छ। मन्त्रालयले चालु आर्थिक वर्षको असोज मसान्तसम्म ११ विकास आयोजनालाई राष्ट्रिय वन क्षेत्रको एक सय ३० हेक्टर जग्गा प्रयोग गर्न स्वीकृती प्रदान गरेको छ।

नेपाली सेनाको व्यवस्थापनमा निर्माण हुने उक्त सडक आयोजनाको दुरी ७० दशमलव ७७ किलोमिटर रहेको छ। यस सडकको कुल लागत रु एक खर्ब १२ अर्ब हुने अनुमान छ। उक्त सडक २०८३ सालमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। सो सडक काठमाडौंको खोकनादेखि सुरु भइ बाराको निजगढ जोडिन्छ। यस सडकको दुरी पार गर्न सामान्यतया एक घण्टा समय लाग्ने बताइएको छ।




**कोप २९ को तयारी तीव्र**

वन मन्त्रालयले यस अवधिमा जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप–२९) को पूर्व तयारी गरेको छ। अन्य अन्तर्राष्ट्रिय सम्मेलनमा प्रभावकारी रूपमा सहभागिता जनाएको मन्त्रालयलको उपलब्धि विवरणमा उल्लेख छ। मन्त्रालयले यही कात्तिक ३ र ४ गते मुगुको रारा ताल क्षेत्रमा कोप २९ सम्मेलनको तयारी सम्बन्धमा दुई दिने राष्ट्रिय कार्यशाला सम्पन्न गरेको छ। साथै कोप २९ को तयारी विभिन्न विषयका विज्ञ सम्मिलित उपसमिति गठन गरी प्रतिवेदन तयारी भइरहेको मन्त्रालयले जनाएको छ।

यसैगरी ठूला आयोजनाका फाइल स्वीकृति गर्नुका साथै विभिन्न नीतिगत सुधार र परिमार्जनको सुरुवात गरेको छ। नीतिगत र संरचनात्मक सुधारको पहल कदमी अघि बढाएको छ। यस अवधिमा मन्त्रालयले दोधारा चाँदनी सुख्खा बन्दरगाह एकीकृत जाँच चौकी निर्माणका लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको राष्ट्रिय वनको ४२ दशमलव ३६ हेक्टर जग्गामा रहेका रुख बिरुवा हटाउन स्वीकृति प्रदान गरेको छ। तीन वर्ष १० महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको यस परियोजनाको पहिलो चरणको लागत रु छ अर्ब १८ करोड रहेको छ। मन्त्रालयले सुदूरपश्चिम र कर्णाली प्रदेशको उच्च हिमाली जिल्लाका माथिल्लो वन क्षेत्रमा पाइने बहुमूल्य जडीबुटी यार्सागुम्बा व्यवस्थापन सङ्कलन तथा ओसारपसार निर्देशिका २०८० को मस्यौदालाई परिमाजन गर्ने निर्णय गरेको छ। त्यस्तै संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको सम्मेलनलगायत कार्यक्रमका लागि अन्तर्राष्ट्रिय वार्ता गठन गर्ने अवधारणा पत्र स्वीकृत गरिएको छ। त्यसैगरी बुटवल उपमहानगर पालिकाद्वारा प्रस्तावित उजिर सिंह रङ्गशाला निर्माणका निम्ति राष्ट्रिय वन क्षेत्रको जग्गा भोगाधिकार प्राप्त गर्न र उक्त क्षेत्रभित्र पर्ने रुख कटान गर्न स्वीकृति दिइएको छ। सब वन डिभिजन कार्यालय बराहताल र बेतन कर्णालीको भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने निर्णय गरिएको छ।

यस अवधिमा नवलपरासीको देवचुलीमा ट्रमा सेन्टरका लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने र सो जग्गामा पर्ने रुख हटाउनेसमेत निर्णय गरिएको छ। विनयी त्रिवेणी गाउँपालिका, भुम्लु गाउँपालि र जमिरकोट गाउँपालिकाको प्रशासकीय भवन बनाउन वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने निर्णय भएको मन्त्रालयले जनाएको छ। लखरपाटा खम्बागाडे मुरमुरी जामु सुनगाभा सडक निर्माण गर्न १० दशमवल १७३ किमी राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने र सो जग्गाभित्रका रुख विद्युत्का पोल हटाउन दिनेसमेत निर्णय गरिएको मन्त्रालयको विवरणमा उल्लेख छ।

त्यस्तै सूर्य होल्डिङ प्रालिले प्रस्ताव गरेको माथिल्लो मेवा खोला 'ए' जलविद्युत् आयोजना निर्माणका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति प्रदान गरिएको छ। संरक्षण व्यवस्थापन चौथो संशोधन नियमावली २०८१, दिगो वन व्यवस्थापनका लागि राष्ट्रिय मापदण्ड २०८१, चुरे उत्थानशील आयोजनासम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ तथा प्रदेशहरूबाट सञ्चालन गरिने सशर्त अनुदानका कार्यक्रमको कार्यान्वयन कार्यविधि पनि स्वीकृति गरिएको छ।

# बेलायत भ्रमणमा रहेका धरानका मेयर साम्पाङको सम्मानमा विलियम हार्भे हस्पिटलमा स्वागत समारोह

**मनीषा श्रेष्ठ/मध्यान्ह**
आशफोर्ड केण्ट, बेलायत, ६ कात्तिक



धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङ राई बेलायत भ्रमणमा रहेका छन्। उनी धरान समाज युकेको निमन्त्रणामा गत बिहीबार साँझ लण्डन आइपुगेका हुन्। लण्डनमा उनी विभिन्न कार्यक्रममा सहभागी भइरहेका छन्।

यसैक्रममा मंगलबार मेयर साम्पाङ बेलायतको आशफोर्ड केण्टस्थित विलियम हार्भे हस्पिटलको भ्रमणमा आएका थिए। उक्त अस्पतालमा अधिकांश चिकित्सक, नर्सदेखि परिचारक परिचारिकासम्म नेपाली समुदायको बाहुल्यता रहेको छ। मेयर साम्पाङको स्वागतमा हस्पिटलमा कार्यरत नेपाली समुदायले एक स्वागत भेट समारोहको आयोजना गरेको थियो। हस्पिटलका जनरल सर्जरी कन्सल्टेन्ट तथा इस्ट केन्ट हस्पिटल ट्रष्टका क्लिनिकल डाइरेक्टर डा. प्रदीप बस्नेत, जनरल सर्जरी कन्सल्टेन्ट डा. आशिष श्रेष्ठ, नर्स रिता लिम्बू, नर्स निसुमा लिम्बू, मालती सुब्बा तथा अनङ पंगेनीले मेयर साम्पाङलाई भव्यरुपमा स्वागत गरेका थिए।

हस्पिटलको निरीक्षण भ्रमणका क्रममा मेयर साम्पाङले त्यहाँस्थित सर्जिकल वार्ड, आईटीयूसहित विभिन्न वार्डहरुको अवलोकन गरेका थिए। साथै आयोजकले मेयर साम्पाङसँग प्रश्नोत्तर कार्यक्रमसमेत सञ्चालन गरेको थियो।

प्रश्नोत्तर कार्यक्रममा सहभागीहरुले धरानमा राम्रो काम गरेको भन्दै मेयर साम्पाङको प्रशंसा गरेका थिए। साथै सहभागीहरुले धरानमा रहेका स्वास्थ्य संस्थाहरुलाई स्तरोन्नति गरेर बिरामीहरुको उपचारका लागि व्यवस्थित बनाउन सुझाव दिएका थिए। यस्तै धरानमा रहेका शिक्षण संस्था तथा ट्राफिक व्यवस्थापनलगायतका कार्यहरुमा पनि सुधार गर्न सुझाव दिएका थिए।

कार्यक्रममा मेयर साम्पाङले आफूलाई बेलायतको स्वास्थ्य प्रणाली मन परेको बताउँदै यस्तै स्वास्थ्य प्रणाली धरानमा लागू गर्न पहल गर्ने बताए। आफू प्रधानमन्त्री मन्त्री नभएर एउटा स्थानीय तहको मेयर मात्र भएको बताउँदै उनले बेलायतको जस्तो स्वास्थ्य प्रणाली देशभर लागू गर्न नसके पनि धरानमा लागू गर्न पहल गर्ने बताएका हुन्।

मेयर साम्पाङले बेलायत आएर आफूले धेरै कुरा सिकेको बताउँदै आफूले सिकेका कुराहरु जहाँ कार्यान्वयन गर्न सकिन्छ त्यहाँ कार्यान्वयन गर्ने र जहाँ सुझाव दिन सकिन्छ त्यहाँ सुझाव दिने प्रतिबद्धता पनि जनाए।

उनले कुनै पनि कामलाई सानो र ठूलो भनेर वर्गीकरण नगरी काम गर्नुपर्नेमा जोड दिए। घुम्ने कुर्सीमा बसेर काम गर्नेलाई ठूलो र झाडु लगाउनेलाई सानो भनेर वर्गीकरण गर्न नहुने उनको भनाइ थियो। उनले सबै काम बराबरी रहेको बताउँदै सबैले आ-आफ्नो क्षेत्रबाट इमान्दारीका साथ काम गर्नुपर्ने बताए।

कार्यक्रममा उनले नेपालमा जे काम गरे पनि मुद्दा मात्रै पर्ने गरेको गुनासो पनि पोखे। आफू बेलायत आउँदा पनि नेपालमा आफूविरुद्ध मुद्दा परिसकेको उल्लेख गरे। उनले नेपालमा पाइलै पिच्छे मुद्दा मामिला परिरहने, तर आफू जनताको पक्षमा दृढतापूर्वक काम गरिरहने बताए। मेयर साम्पाङ २ नोभेम्बरमा स्वदेश फर्कने कार्यक्रम तय गरिएको छ।

# स्काउटको आयोजनामा रक्तदान

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ कात्तिक

रौतहट सदरमुकाम गौरमा रहेको गौर राईस मिलको मैदानमा सोमबारदेखि शुरू भएको दशैं-तिहार तथा छठ रमाइलो मेलामा सर्वसाधारणको चहल पहल बढेको छ।

दशहराको अवसरमा शुरू गर्न भनिएको मेला प्राकृतिक प्रकोप वर्षा र बाढीको कारण प्रभावित भएपनि कात्तिक ५ गतेदेखि सञ्चालन गरिएको हो। पहिल दिन चहलपहल कम देखिएपनि दोश्रो दिन मेला हेर्नेको भीड बढेको पाइएको हो।

गौरको व्यापर प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको मेलामा बालबालिकाको लागि विभिन्न किसिमको झूला, जादूगर, गुफा तथा संस्कृति कार्यक्रम राखिएको आयोजक समितिले जनाएको छ।

मेलाको दोस्रो दिन स्काउट नेपालको आयोजना तथा प्रादेशिक अस्पताल गौरको सहकार्यमा रक्तदान कार्यक्रम समेत आयोजना गरिएको मेला समितिका संयोजक रबी मिश्राले जानकारी दिए।




प्रादेशिक अस्पताल गौरमा उपचार गराउन आउने बिरामीको लागि रगत आवश्यकता पर्ने गरेकोले आवश्यक परेको बेला रगत सहज रुपमा उपलब्ध हुने उद्देश्यले रक्तदान कार्यक्रम मेला अवधि भरी सञ्चालन गराउने व्यवस्था गरिएको संयोजक मिश्राले जनाए।

पहिलो दिन ५ जनाले रगत दान गरेका छन्।

हिन्दूहरुको पर्व दशैंको बेला सञ्चालन गर्नुपर्ने मेला बाढीको कारण कात्तिम ५ गते देखि शुरू गरिएको आयोजक समिति एभरेस्टे इभेन्ट प्रा.लि चितवनका सञ्चालक राजगीर जायसवालले जानकारी गराए।

कात्तिक २३ गतेसम्म सञ्चालन हुने मेलामा विभिन्न किसिमका खेल तमासा, कलाकार हरुको प्रस्तुति, बालबालिकाहरुको लागि भरूला, बैष्णो देवी,केदारनाथ मन्दिरको गुफा निर्माण गरिएको छ।

मेलामा मनोरञ्जनको साथै विभिन्न किसिमका सामग्री बिक्री वितरणको व्यवस्था समेत गरिएको छ।

मेलामा आउनेहरुको सुरक्षाको लागि उचित व्यवस्थापन समेत गरिएको छ भने ५ दिन सम्म नि:शुल्क प्रवेशको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

## रास्वपाको...

अनुसन्धान गर्न सुझाएको छ। तर, सरकार गुरुङमाथिको अनुसन्धान सरकारले अगाडि बढाएको छैन।

रास्वपाका नेता गणेश पराजुलीका अनुसार मितेरी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कुम्भराज गुरुङले आफने संस्थाको करिब १५ करोड रकम हिनामिना गरेकोमा धनराज गुरुङ र ज्योति गुरुङविरुद्ध ठगी गरेको दाबीसहित उजुरी दर्ता गरेका छन्। उनी प्रश्न गर्छन, 'माननीय धनराज गुरुङमाथि छानविन हुन्छ कि हुँदैन ? म कांग्रेसका माननियहरुलाई यो प्रश्न गर्न चाहन्छु।' तर, सीआईबीले ज्योति गुरुङविरुद्ध रेड नोटिस जारी गर्न सिफारिस गरेको छ। सीआईबीले ललितपुरको महालक्ष्मीस्थानस्थित मितेरी सेभिङ एन्ड क्रेडिड को-ओपरेटिभको १४ करोड ८१ लाख रुपैयाँ बचत हिनामिनाको अनुसन्धान गरिरहेको छ।

सीआईबीले सहकारी ठगीको आरोप लागेकी ज्योति गुरुङविरुद्ध रेड नोटिस जारी गर्न सिफारिस गरेको हो। ज्योति कांग्रेस उपसभापति गुरुङकी पूर्वश्रीमती हुन् । मितेरी सहकारीले बचतकर्ताको १२ करोड ५९ लाख रुपैयाँ हिनामिना गरेको आरोप छ। सम्बन्धविच्छेद भएपछि पनि गुरुङले सहकारीमा ऋण तिरेको पाइएको छ। उक्त ऋण तिर्न धनराजले भाटभटेनीका मालिक मीनबहादुर गुरुङसँग ९१ लाख लिएको विषय बाहिरिइसकेको छ। मितेरी सहकारीको रकम अपचलन गरेको आरोपमा ज्योति गुरुङ, ज्योति बहादुर भण्डारी, सुजन शाक्य, हितमान थापा र प्रकाश यादवविरुद्ध अदालतबाट पक्राउ पुर्जी जारी भएको छ।

कास्की जिल्ला अदालतले गत आइतबार ६ दिन हिरासतमा राखेर लामिछानेमाथि अनुसन्धान गर्न अनुमति दिएको थियो। ६ दिनको गणना गत शुक्रबारदेखि हुने भएकाले आज बुधबारसम्म प्रहरीले हिरासतमा राख्ने अदालतको अनुमति छ। आज प्रहरीले थप समय हिरासतमा राख्न चाहे म्याद थपका लागि प्रस्ताव लैजान सक्छ।

## बाबुरामलाई...

र केन्द्रमा २० प्रतिशतको व्यवस्था गरिएको छ। त्यस्तै सबै समितिमा महिलापदाधिकारी ३३ प्रतिशतको व्यवस्था पनि विधानमा गरिएको छ।

विधान अधिवेशनमा पार्टीको आयव्यय प्रस्तुत गरिएको थियो। आय ७ लाख ५० हजार र व्यय ९ लाख ७७ हजार १६० रुपैयाँ रहेको छ।

## सडकमा...

गते खबरदारी सभा गर्ने निर्णय गरेको हो।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मंगलबार पार्टी कार्यालय पेरिसडाँडामा आयोजित पार्टीको वाग्मती र विशेष प्रदेश समन्वय समिति तथा जनवर्गीय संगठनका इञ्चार्ज तथा अध्यक्षहरुको संयुक्त बैठकलाई सम्बोधन गर्दै खबरदारी सभा गर्ने निर्णयबारे जानकारी गराएका थिए। पार्टी केन्द्रीय कार्यालयको बैठकले खबरदारी सभा गर्ने निर्णय गरेको हो।

माओवादी केन्द्रले विपत् व्यवस्थापनमा देखिएको सरकारको असंवेदनशीलता, गैरजिम्मेवारीपन र योजनाविहीनताका कारण बेपत्ताहरूको खोजी, राहत वितरण, घाइतेहरूको उपचार, अस्थायी आवास निर्माण लगायत पुनर्निर्माण र पुन:स्थापना क्षेत्रमा देखिएका समस्या समाधान गर्नका लागि खबरदारी सभा गर्न लागेको बताएको छ। माओवादी केन्द्रले आफ्नो पार्टी नेतृत्वको सरकारले सुरु गरेको सुशासनको अभियानलाई कमजोर बनाउन भइरहेका षड्यन्त्र र भ्रष्टाचारजन्य गतिविधिलाई निष्तेज पार्न खबरदारीसभा गर्न लागेको पनि जनाएको छ।

## सरकारले...

सञ्जालमा ब्लक नै गरेर सम्पर्कविहीन हुने गरेका छन्। यसरी ठगिने संख्या उल्लेख्य रहेको बताइएको छ।

युरोपको रोजगारीका नाममा काठमाडौंदेखि यूएईसम्म ठगीको सञ्जाल निर्माण हुनुमा नेपाली दूतावास र कूटनैतिक नियोगहरू जिम्मेवार रहेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन्। दूतावासहरूले समयमै मागपत्र प्रमाणीकरण गर्ने अग्रसरता नलिँदा विभिन्न युरोपेली मुलुकमा रहेका ४० हजारभन्दा बढीको रोजगारी गुमेको उनीहरूको दाबी छ।

समयमा मागपत्र प्रमाणीकरण नहुँदा नेपालका म्यानपावर कम्पनीहरूले व्यक्तिगत प्रयासमा खोजेका अधिकांश डिमाण्डहरू खेर जाने अवस्था बनेको छ। एप्रुभ भएका डिमाण्डहरूको अवधि आगामी डिसेम्बर अन्तिमसम्म मात्रै रहेको छ। तर ती डिमाण्ड प्रमाणीकरण गराउने र संस्थागतरूपमा नेपाली कामदार सुरक्षितरूपमा पठाउने तत्परता सरकारी स्तरमा हालसम्म पनि देखिएको छैन। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जोखिमपूर्ण मानिने खाडी र मलेसियाको परम्परागत रोजगार गन्तव्यलाई युरोपेली मुलुकमा डाइभर्ट गर्ने बताएको पनि लामै समय भएको छ। वर्तमान श्रममन्त्री शरतसिंह भण्डारीले यसपटक नभइ आफ्नो अघिल्लो कार्यकालमा नै परम्परागत रोजगार गन्तव्य परिवर्तन गरी राम्रो कमाइ र सामाजिक सुरक्षा भएका युरोप देशलाई श्रम गन्तव्य बनाउने बताएका थिए। मलेसिया र कतारको रोजगारी खुम्चिएको अहिलेको अवस्थामा नेपाल आउने रेमिट्यान्सलाई सन्तुलनमा राख्न पनि युरोपेली मुलुकको रोजगारी अवसरका रूपमा रहेको छ। तर नेपाली दूतावासहरूले समयमा मागपत्र प्रमाणीकरण गर्ने विषयमा अग्रसरता नलिँदा ती मुलुकमा रहेको नेपालीको हजारौं संख्याको रोजगारी गुमेको हो।

रोजगारीको सहज बाटो बन्द हुँदा ती मुलुक जान चाहने युवायुवतीहरु दलालका आश्वासनका भरमा लाखौं खर्च गरी भारतको नयाँ दिल्ली र यूएईका विभिन्न शहरहरूमा अड्किएर बसेका छन् भने कतिपय युवाहरू अवैध बाटो र अनुचित प्रक्रियामार्फत करोडौं खर्च गरी ज्यानै हत्केलामा राखेर युरोप पुगेको देखिएको छ।

श्रम स्वीकृति लिएर सहजरुपमा युरोप छिर्ने वातावरण नहुँदा भिजिट भिसामार्फत युरोप छिर्ने प्रवृत्ति पनि व्यापक बनेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन्। सरकारले युरोपका बेलायत, जर्मनी र रोमानियामा संस्थागतरूपमा कामदार पठाउन श्रम सम्झौता गरेको हो। रोमानियामा नेपाली कामदारको संख्या २५ हजार नाघिसकेको र जर्मनीमा पनि ८ हजार बढी नेपाली विद्यार्थीहरूले वैधानिकरूपमा काम गरिरहेका छन्। रोमानिया, बुल्गेरिया, क्रोएसिया, साइप्रस, बेलायत, पोल्याण्ड र माल्टासहितका देशहरूमा नेपाली कामदारहरूको माग ४० हजारको हाराहारीमा रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको भनाइ छ।

पछिल्लो समय युरोपमा नेपाली श्रमिकहरुको माग बढ्दै गएको, तर सरकारको बेवास्ताले आकर्षक मागहरु गुमिरहेको संघका युरोप संयोजक सोम तामाङले बताए। उनले भने, 'युरोपेली मुलुकमा रोजगारमा जान चाहने युवायुवती व्यक्तिगत श्रम स्वीकृतिका नाममा शैक्षिक कन्सल्ट्यान्सी र अनधिकृत व्यक्तिमार्फत चर्को ठगीमा परेका छन्। ठगीमा परेका युवायुवती ठगिएको रकम र क्षतिपूर्तिको माग गर्दै दैनिक वैदेशिक रोजगार विभाग धाउने गरेका छन्। विभागमा पीडितहरूको भीड नै लाग्ने गरेको छ, तर वैधानिकरूपमा पठाउने प्रक्रियामा सहज बनाउन सरकारले ध्यान दिएको छैन। पटक-पटक दबाब दिँदा पनि सुनुवाइ भएको छैन। सरकारकै कारण करोडौं लगानी गरेर लाइसेन्स लिएका व्यवसायी हात बाँधेर चुपचाप बस्नुपर्ने विडम्बनापूर्ण अवस्था छ।'

## निष्क्रिय...

दर्ता गरेको यो विधेयकमा सांसदहरूले १५२ समूहमा एक हजार सात सय ५८ वटा संशोधन प्रस्ताव दर्ता गरेका छन्।शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले यो विधेयकमाथि छलफल चलाइरहेको छ। तर, धेरै संशोधन परेको र संशोधनकर्ता सांसदहरूको व्यस्तताले विधेयकमाथिको दफावार छलफल अपेक्षित गतिमा टुंगोमा पुग्न नसकेको समिति सभापति अम्मरबहादुर थापाको गुनासो छ।'विधेयकमा धेरै संशोधन परेको छ। छलफल चलाइरहेको छु, तर छिमल्न गाह्रो भयो' सभामुखसँगको छलफलमा सभापति थापाले भने, 'संशोधनककर्ता सांसदहरु नै आइदिनुहुन्न।'

राज्य व्यवस्था समितिमा संघीय निजामती विधेयकसहित चार वटा विधेयक दफावार छलफलमा छ। राज्य व्यवस्था समितिमा रहेका थप तीन वटा विधेयक हुन - अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन संशोधन विधेयक, भ्रष्टाचार निवारण ऐन संशोधन विधेयक र निर्माणमुखी सामग्री व्यवस्थापन तथा नियमन विधेयक।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन संशोधन विधेयक र भ्रष्टाचार निवारण ऐन संशोधन विधेयक राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधि सभामा आएको विधेयक हो।

६ माघ २०७६ मा राष्ट्रिय सभामा दर्ता भएको यो दुवै विधेयक २७ चैत २०७९ मा राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधि सभामा आएको थियो। निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउने, भ्रष्टाचारको अनुसन्धानमा पाँच वर्षको समयसीमा राख्ने, अनुचित कार्य हेर्ने निकाय तोक्ने लगायतका प्रावधान समेटिएको यी दुवै विधेयक ३१ भदौ २०८० देखि राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधीन छ।

नदीजन्य सामग्री ढुंगा, गिट्टी, बालुवा उत्खनन र निर्यातसँग जोडिएको निर्माणमुखी सामग्री व्यवस्थापन तथा नियमन विधेयक १६ कातिक २०८० मा प्रतिनिधि सभामा दर्ता भएको थियो। यो विधेयक राज्य व्यवस्था समितिमा १८ चैत २०८० देखि दफावार छलफलमा छ। शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक दफावार छलफलमा छ।

अर्थ समितिमा पाँच वटा विधेयक विचाराधीन छ।

पूर्वाधार विकास समितिमा दुइटा विधेयक (विद्युत विधेयक र जलस्रोत विधेयक) दफावार छलफलमा छ। दुवै विधेयक प्रतिनिधि सभाको चालू कार्यकालमा प्रतिनिधि सभामै दर्ता भएका विधेयक हुन्। उद्योग समितिमा विद्युतीय व्यापार विधेयक दफावार छलफलमा छ। १३ असार २०८० मा राष्ट्रिय सभामा दर्ता भएको विद्युतीय व्यापार विधेयक राष्ट्रिय सभाबाट पारित भएर १६ कातिक २०८० मा प्रतिनिधि सभामा आएको थियो। १५ जेठ २०८१ देखि प्रतिनिधि सभा अन्तर्गतको पूर्वाधार विकास समितिमा दफावार छलफलमा छ। प्रतिनिधि सभा अन्तर्गतको कानुन न्याय तथा मानव अधिकार समितिमा केही नेपाल ऐन संशोधन विधेयक दफावार छलफलमा छ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खानका अनुसार सभामुख घिमिरेले अब बस्ने प्रतिनिधि सभाको बैठकमा बिचाराधीन सबै विधेयक पेश गर्ने गरी काम गर्न निर्देश गरेका छन्।'अब बस्ने पाँचौं अधिवेशनमा सबै विधेयक अनिवार्य रुपमा पेश गर्नका लागि सभामुखले निर्देशन नै दिनुभएको छ' खानले भने।


**ककनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रानीपौवा, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

**ठेक्का स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८१/०७/०७)**

मिति २०८१/०५/२३ गते र २०८१/०५/३१ गते यस कार्यालयबाट प्रकाशित बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आह्वानका सूचनाबमोजिम रीतपूर्वक दर्ता हुन आएका बोलपत्र एवम् शिलबन्दी दरभाउपत्रहरुको मूल्याङ्कन भई तपसिल बमोजिमको बोलपत्र एवम् शिलबन्दी दरभाउपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|---|
| 1 | 03/Kakani/Road/081-082 | Upgrading Of Ranipauwa Phosro Dada Ward KaryalayeJani Rural Road kakni 05 | Bhairabi Construction Pvt. Ltd Bidur-4, Nuwakot | 1,32,18,803.06 |
| 2 | 04/kkni/Bldg/2081-82 | Kabard hall baki nirman karya tatha bybasthapa works | B & J Construction Pvt. Ltd kathmandu | 13,95,295.32 |

**प्रमुख प्रशासकीय अधिकृत**

# उपभोक्तालाई उचित मूल्यमा औषधि उपलब्ध गराउने सम्बन्धमा सुझाव दिन समिति गठन



**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले उपभोक्तालाई उचित मूल्यमा औषधि उपलब्ध गराउने सन्दर्भमा आवश्यक अध्ययन तथा सुझावका लागि समिति गठन गरेका छन्। मंगलबार मन्त्रिस्तरीय निर्णय गर्दै उनले अर्थविद् डा.पोषराज पाण्डेको संयोजकत्वमा सात सदस्यीय सुझाव समिति गठन गरेको हो।

समितिको सदस्यमा स्वास्थ्यविद् डा अर्पणा न्यौपाने, स्वास्थ्य अर्थविद् डा देवीप्रसाद प्रसाईं, मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा.सरोज शर्मा, नेपाल मेडिकल काउन्सिलका प्रतिनिधि रहेका छन् । समितिको सदस्य सचिवमा औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकाल रहेका छन्।

समितिलाई उपभोक्तालाई उचित मूल्यमा औषधि उपलब्ध हुनेगरी समायोजनका लागि आवश्यक नीतिगत व्यवस्था गर्न सुझाव दिन कार्यादेश दिइएको छ। यस्तै, छिमेकी देशहरूले अपनाइएका औषधिको मूल्यसम्बन्धी नीति, व्यवस्था र प्रक्रिया अध्ययन गरी मूल्य निर्धारणसम्बन्धी आधार पहिचान गरी नीतिगत सुधारका लागि सुझाव दिन पनि भनिएको छ।

मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले समितिले औषधिका मूल्यसम्बन्धी अभ्यास पुनरावलोकन गरेर गुणस्तर पहिचानका लागि सुझाव दिन कार्यजिम्मेवारी दिइएको बताए। 'औषधिको मूल्यसँग सम्बन्धित नीतिगत प्रणाली, बजार मूल्य, आयात निर्यातको अवस्था तथा सरकारी नीति, मूल्य निर्धारण गर्नुपर्ने थप औषधिहरूको सूची र प्रस्तावित अधिकतम खुद्रा मूल्यसम्बन्धी आधारसहित सुझाव दिनेछ', उनले भने।

कार्यसम्पादनका लागि आवश्यक कार्यविधि समिति आफैंले निर्धारण गरेर आवश्यकताअनुसार विषयगत उपसमिति गठनलगायत काम गर्नसक्ने जनाइएको छ। समितिको सुझावका आधारमा उपभोक्तालाई औषधिको गुणस्तर नियन्त्रण प्रभावकारी बनाउँदै उचित मूल्यमा उपलब्ध गराउने गरी मन्त्रालयले आवश्यक निर्णय लिने प्रवक्ता डा बुढाथोकीले बताए।

# पार्टी फुट्ने हल्ला नियोजित रूपमा चलाइएको हो : माधव नेपाल

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, ६ कात्तिक




नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पार्टी फुट्ने हल्ला नियोजितरूपमा चलाइएको बताएका छन्। पार्टी मुख्यालय आलोकनगरमा मंगलबार बसेको बागमती प्रदेश कमिटीको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले पार्टी फुट्ने हल्लामा कुनै सत्यता नभएको बताएका हुन्।

अध्यक्ष नेपालले नेता कार्यकर्तालाई हल्लाको पछि नलागी पार्टी संगठन निर्माणमा लाग्न निर्देशन दिए। समसामयिक राजनीति र पार्टीको अवस्थाबारे ब्रिफिङ गर्दै उनले भने, 'हाम्रो पार्टी फुट्दै छ भनेर हल्ला चलाइएको मैले पनि सुनिरहेको छु, त्यसमा सत्यता छैन।'

बाग्मती प्रदेश कमिटी अध्यक्ष सावित्रा भुसालको अध्यक्षतामा बसेको बैठकमा वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे, नेताहरू डा बेदुराम भुसाल, प्रमेश हमाल, उपाध्यक्ष तथा बागमती प्रदेश इन्चार्ज गंगालाल तुलाधरसहित प्रदेश कमिटीका सदस्यहरू सहभागी छन्। बैठकमा प्रदेशका गतिविधि, भावी योजनालगायत विविध विषयमाथि छलफल हुने अध्यक्ष भुसालले बताइन्।

# मधुवनमा शिक्षा योजना निर्माणका लागि कार्यशाला

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ६ कात्तिक



बर्दियाको मधुवन नगरपालिकामा नगरस्तरीय शिक्षा योजना निर्माणका लागि २ दिने कार्यशालाको आयोजना गरिएको छ। बालविवाह न्यूनीकरण परियोजनाअन्तर्गत प्लान इन्टरनेशनल नेपाल, भेरी वातावरणीय विशिष्टता समूह (बी ग्रुप) र बाँके युनेस्को क्लबको साझेदारीमा मधुवन नगरपालिकाले कार्यशालाको आयोजना गरेको हो।

स्थानीय तहको नीति तथा कार्ययोजना निर्माणमा सहयोग गर्ने परियोजनाको उद्देश्यअनुरूप विद्यालय तथा विद्यालयको शिक्षामा सुधार ल्याइ प्रभावकारी शिक्षण बनाउँदै विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्नका लागि कार्यशालाको आयोजना गरिएको बालविवाह न्यूनीकरण परियोजनाका शिक्षा संयोजक लक्ष्मीप्रसाद शर्माले बताए।

उनले भने, 'समाजमा विद्यमान बाल विवाह, लागुऔषधको प्रयोग जस्ता समस्या तथा समुदायमा थालिने विभिन्न अभियानहरूलाई सफल बनाउन शिक्षाले महत्वपूर्ण भूमिका खेल्छ।' शैक्षिक क्षेत्रमा योजनाबद्धरुपमा सुधार गर्दै लैजानु आजको आवश्यकता रहेको बताउँदै शिक्षाबिना समाज सुधार हुन सक्दैन भन्ने परियोजनाको बुझाइ रहेको शर्माले स्पष्ट पारे।

मधुवन नगरपालिकाका प्रमुख, उपप्रमुख, ९ वटै वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, क्याम्पस प्रमुख, विद्यालयका प्रधानाध्यापक, शिक्षासँग सम्बन्धित विभिन्न व्यक्तित्वहरू सम्मिलित कार्यशालाको बृहत् छलफलबाट मस्यौदाको रुपमा तयार पारिएको योजनालाई पूर्णता प्रदान गरी कार्यपालिकामा पेस गरिने मधुवन नगरपालिकाका शिक्षा शाखा प्रमुख नारायण प्रसाद खनालले बताए।

तथ्यको आधारमा मस्यौदाको रुपमा तयार पारिएको शैक्षिक योजनालाई पूर्णता दिन एउटा समिति निर्माण गरिने छ। समितिले तयार पारी बुझाएको अन्तिम मस्यौदामाथि पुनः समीक्षा गरी कार्यपालिकाको बैठकमा पेस गरिने शिक्षा शाखा प्रमुख खनालले जानकारी दिए।

कार्य योजना निर्माण भएपछि शिक्षा नीति बनाउन समेत सहज हुने खनालको तर्क छ। यसरी समितिले पेस गरेको अन्तिम मस्यौदा शाखामार्फत कार्यपालिका बैठकमा पेस भएपश्चात कार्यपालिका बैठक तथा गाउँ सभाबाट पास गरी पालिकाले पूर्णता दिएर प्राथमिकताका आधारमा कार्यान्वयनको चरणमा लैजाने मधुवन नगरपालिकाका नगर प्रमुख तेजबहादुर भाटले बताए। बुधबारसम्म सञ्चालन हुने कार्यशालाको सहजीकरण शिक्षाविद् जितबहादुर शाहले गरिरहेका छन्।

# आदिवासी जनजाति युवा महासंघ यूएईद्वारा शैक्षिक सामग्री हस्तान्तरण

**पूर्ण तामाङ/मध्यान्ह**
यूएई, ६ कात्तिक



'शिक्षित परिवार, देश विकासको आधार' भन्ने नाराका साथ आदिवासी जनजाति युवा महासंघ नेपाल शाखा यूएईले चितवनको खैरहनी नगरपालिका-३ गोठश्वरस्थित श्री चण्डी राष्ट्रिय आधारभूत विद्यालयमा शैक्षिक सामग्री हस्तान्तरण गरेको छ। महासंघले गत कात्तिक ४ गते विद्यालयमा शैक्षिक सामग्री हस्तान्तरण गरेको हो।

उक्त कार्यक्रमको सभापतित्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुकमाया लामाले गरेकी थिइन् भने प्रमुख अतिथिका रुपमा वडा अध्यक्ष पूर्ण गुरुङको उपस्थिति थियो। सो अवसरमा वडा सदस्यहरू,विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, गोठश्वर युथका सदस्यहरू, महासंघका सल्लाहकार डी.बी. लुङ्गेली मगर, विष्णु गुरुङ, कार्यकारी अध्यक्ष गोपाल श्रेष्ठ, महासचिव सबिन मोक्तान, जनसम्पर्क सचिव मकर मोक्तानलगायतको उपस्थिति रहेको थियो।

विद्यार्थीहरूको शैक्षिक भविष्यमा सहयोग पुऱ्याउने उद्देश्यले गरिएको उक्त कार्यक्रममा शिक्षक-शिक्षिका र अभिभावकहरूको समेत सहभागिता रहेको थियो। आयोजकले यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेको छ।

महासंघले कात्तिक ७ गते बुधबार सिन्धुपाल्चोकको लिसन्खु पाखर-४ स्थित श्री रमा माध्यमिक विद्यालयमा शैक्षिक सामग्री हस्तान्तरण गर्ने कार्यक्रम रहेको जनाएको छ।

# प्यूठानमा पूर्वाधार सडकको काम द्रुत गतिमा

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
प्युठान, ६ कात्तिक



सडक पूर्वाधार विकास कार्यालय प्युठानले निर्माणको कार्यलाई प्रभावकारी रूपमा फास्ट ट्र्याकमार्फत द्रुत गतिमा अघि बढाएको जनाएको छ। कार्यालय प्रमुख चन्द्रबहादुर शाहले कार्यालयले ठूला साना गरि दर्जनौं आयोजनाका कामहरू द्रुत गतिमा अगाडि बढेको पुनले जानकारी दिए। कार्यालयले सडक निर्माण र केही ठाउँमा पुल निर्माणको कार्यलाई निरन्तर अगाडि बढाएको र केही सम्पन्न हुने केही टेन्डर प्रक्रियामा जाने गरी काम भइरहेको शाहले बताए। जिल्लामा केही ठूला आयोजना निर्माण द्रुत गतिमा अगाडि बढेका छन् भने केही योजना निर्माण व्यवसायिको लापरबाहीले समयमा सम्पन्न हुन नसकेपछि ठेक्का सम्झौता तोडेर पुनः ठेक्का गर्ने तयारी भएको शाहको भनाइ छ।

अहिले प्यूठानका विभिन्न ठाउँहरुका काम द्रुत गतिमा अगाडि बढेको छ। असारे कामलाई निरुत्साहित गर्दै वैशाख जेठभित्र यस वर्षका योजनाहरु सम्पन्न गर्ने गरी कामलाई निरन्तरता दिएको भएपनि जनशक्ति र साधन श्रोतको अभाव छ। यस वर्ष वागदुल्ला दम्ती बाहाने खबाङ स्याउलिवाङ नौबहिनी प्र्यटन मार्ग सडकको बाहाने स्याउलीवाङ खण्डको लागि कन्काइ केबी जानकी जेभिले २२ करोड ३ लाखमा सम्झौता गरी काम शुरु गरेको कार्यालय प्रमुख शाहले जानकारी दिए। उनका अनुसार चेरनेटा पुरनठाँटी जोगिटारी सडक (ऐराबती गाउँपालिका पहुँचमार्ग) आँसु- हरियाली जेभी बिजुवार प्युठानले ८ करोड २६ लाख ६५ हजार ६ सय ९४ मा सम्झौता भइ ६ किलोमिटर कालोपत्रेको काम द्रुत गतिमा अगाडि बढेको छ।

त्यस्तै बागदुल्ला दम्ती सडक स्तरोन्नतीको काम २०७८ साल असार २० गते सम्झौता भइ २०८० असार ३० गते सम्पन्न गर्नुपर्ने काम साढे ३ किलोमिटर कालोपत्रेको काम ३.२ किमी पहिलो तह कालोपत्रे सकिएको छ भने निर्माण व्यवसायिको लापरबाहीका कारण ढिलाइ भएकोमा यथाशिघ्र काम सम्पन्न गर्न ताकेता गरिएको अन्यथा कारबाही गरिने नि.कार्यालय प्रमुख शाहले मध्याह्नलाई जानकारी दिए।

शाहका अनुसार नौबहिनी गाउँपालिका पहुँचमार्गका निम्ति महेश/कामाख्या/सत्यबती जेभी काठमाडौं सग कार्यालयले २०७८ सालमा सम्झौता भएको सडकको सन्तोष जनक काम हुन नसकेको कारण निर्माण व्यवसायीलाई स्पष्टीकरण सोधिएको छ। प्यूठान जिल्लामा क्रमागत योजना अन्तर्गत ३ वटा पक्की पुल निर्माणका लागि चालू आर्थिक वर्षका केही योजनाहरु टेन्डर प्रक्रियामा रहेको र केही योजनाहरु सम्पन्न हुने चरणमा रहेका छन्। शाहका अनुसार २१ वटा योजनाहरु प्यूठान आउनुपर्ने बजेट अन्य जिल्लामा बजेट गएको कारण अहिले मन्त्रालयमार्फत योजना प्यूठान लैजाने र ठेक्का लगाउने तयारी छ। वहुवर्षीय योजनामा न्यून बजेट भएको कारण कार्यान्वयनमा कठिनाइ भएको र खरिद योजना अनुसार बजेट उपलब्ध गराउन मन्त्रालयमा माग गरिएको नि.कार्यालय प्रमुख शाहले जानकारी दिए। प्यूठान जिल्लामा वहुवर्षीय योजना लागू हुने सम्भावना न्यून छ। विगतका वर्षदेखि वहुवर्षीय योजनाको श्रोत सुनिश्चितता नहुने गरेको कारण योजनाको टेन्डर हुने सम्भावना कम छ ।

# जाजरकोटका दलले बुझाए मुख्यमन्त्री कँडेललाई ध्यानाकर्षणपत्र

**सुर्खेत/मस–** जाजरकोटका राजनीतिक दलहरुले कर्णालीका मुख्यमन्त्री यामलाल कँडेललाई १० बुँदे ध्यानाकर्षण पत्र बुझाएका छन् । भूकम्प गएको एक वर्ष पुग्न लाग्दासमेत अस्थायी आवास बापतको रकम प्राप्त नभएकाले यहाँका राजनीतिक दलका प्रतिनिधिले मुख्यमन्त्रीसँग गुनासोसहित ध्यानाकर्षण पत्र बुझाएका हुन्।

संघीय सरकारले निर्माण गरिरहेको मध्यपहाडी राजमार्गको मन्ताभीर खण्ड निर्माण नभएको, भूकम्पपछिको पुनःनिर्माण, सहुलियत कर्जा उपलब्ध गराउने लगायतका विषय ध्यानाकर्षण पत्रमा समेटिएको छ। प्रदेश सरकार मातहतको जिल्ला अस्पताल जाजरकोटलाई विशेषज्ञ सेवासहित सेवा सञ्चालनका लागि आवश्यक बजेट तथा जनशक्ति व्यवस्थापन गरिदिन आग्रह गरिएको छ।

जाजरकोटका विभिन्न ठाउँमा रहेका काइननाईट, टुरमालीन जस्ता बहुमूल्य पत्थर खानी, बारेकोटको फलामखानी उत्खनन् तथा प्रशोधनका लागि प्रदेश सरकारले बजेट व्यवस्था गरिदिन आग्रह गरेको छ। ध्यानाकर्षण पत्रमार्फत सङ्घीय सरकारकै कार्यक्षेत्र रहेको नलगाड जलविद्युत् आयोजना चार सय १७ मेगावाटलाई राष्ट्रिय गौरवका आयोजनाका रुपमा अगाडि बढाउन आग्रह गरिएको छ।

संघीय सरकार मातहतका थलह चाँदे हुँदै जुम्ला जोडने सडक, थलह फूलकारी नदइडाव सडक, कुशे बाउली ढुंगा सडक, छेडा कचाली सडक, बारेकोट मुलसाव जुम्ला सडक निर्माण गर्न बजेट माग गरिएको छ।

**नेपाल लाइफ रिक्रुटमेन्ट एजेन्सी प्रा.लि.को अन्तर्वार्ता मिति स्थगित गरिएको बारे**

**अत्यन्त जरूरी सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत पाप्त यस नेपाल लाइफ रिक्रुटमेन्ट एजेन्सी प्रा.लि. (इजाजत नं. १४७६/०७४/०७५) ले मिति २०८१/०६/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित, **Mauritius** मा रोजगार शिर्षक कम्पनीको नाम : **Jiangxi Construction Internatioal Enginering Co Ltd**, पूर्व स्वीकृत मितिः **२०८१/०६/२२**, चलानी नं.: **६०२२६४३८**, र LT. No.: *312038* को विज्ञापनमा रोजगारदाता कम्पनीको प्रतिनिधि उपस्थित हुन नसक्ने भनी अन्तिम समयमा २०८१ कार्तिक ६ गते तदनुसार (22 October 2024) मा जानकारी प्राप्त भएकोले **यूनिभर्सल टेक्निकल इन्स्टिच्यूड एण्ड ओरिन्टेसन सेन्टर प्रा.लि. काठमाडौंमा २०८१ कात्तिक ७ गते (23 October 2024)**, **सुनसरी टेक्निकल ट्रेनिङ सेन्टर इटहरीमा २०८१ कात्तिक ८ गते (24 October 2024) र झापा प्राविधिक ट्रेनिङ सेन्टर चारपामेमा २०८१ कात्तिक ९ गते (25 October 2024) मा** हुने भनिएको **अन्तर्वार्ता रद्द** गरिएको यसै सूचनाद्वारा सबैमा जानकारी गराइन्छ। यसबाट सम्बन्धित सबैमा पर्न गएको असुबिधा प्रति क्षमा याचना गर्दछौं। साथै उक्त स्थगित अन्तर्वार्ताहरु वैदेशिक रोजगार विभागबाट स्वीकृति लिए पछि जानकारी गराइने छ।

Nepal Life Recruitment Agency Pvt. Ltd.
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4598920,
E-mail: nepallifera1476.2017@gmail.com

**बटेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बटेश्वर, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**घर नक्सा नियमित तथा अभिलेखीकरण गर्ने सम्बन्धी सूचना**

**(सूचना प्रकासित मिति : २०८१/०७/०७)**

यस बटेश्वर गाउँपालिकाको सम्पूर्ण वडा (१-५) भित्र आशिंक स्वीकृत लिई वा स्वीकृत नलिईकन निर्माण भएका तथा भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता बमोजिम रहेका भवनहरुको नियमित तथा अभिलेखिकरण गर्ने प्रयोजनका लागि मिति २०८१/०६/१५ गतेको एघारौ गाँउसभाको निर्णयानुसार २०८१ पुष मसान्तसम्म मात्र घर नक्सा नियमित तथा अभिलेखीकरण गरिने भएको हुँदा उल्लेखित मितिभित्र तपसिल बमोजिमका कागजातहरु सहित यस कार्यालयको पुर्वाधार बिकास शाखामा सम्पर्क गरी आफ्नो घर, भवन लगायतका संरचनालाई नियमित तथा अभिलेखीकरण गराउन हुन् सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ। साथै म्यादभित्र निवेदन दर्ता नभएका घर, भवनहरुको अभिलेखीकरण नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

१. घर धनिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि -१ प्रति
२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि -१ प्रति
३. तिरो तिरेको रसिदको प्रतिलिपि -१ प्रति
४. सुचिकृत परामर्शदाताबाट आर्किटेक्टचरल/स्ट्रक्चरल घरका नक्सा A३-३ प्रति
५. घरको चारैतिरको भाग स्पष्ट देखिने गरि खिचेको रंगिन फोटो, घरधनिको पासपोर्ट साईजको फोटो -२ प्रति
६. घर अभिलेखीकरण किताब/फारम खरिद गरेको रसिद -१ प्रति
७. घर अभिलेखीकरण किताब/फारम भरेर पेश गर्नु पर्ने।
८. घर नक्सा तयार गर्ने प्राबिधिकको नेपाल ईन्जीनियरिंग काउन्सिलमा दर्ता भएको प्रमाणपत्र -१ प्रति
९. बाटो खुलेको प्रमाण
१०. स्वयम घर धनि उपस्थित हुनु पर्ने वा वारेशनामा हुनु पर्ने।
११. सक्कल फिल्ड नक्सा र नापी कार्यालयबाट प्रमाणित भएको फाईल नक्साको प्रतिलिपि -१ प्रति

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

### उस्तै रह्यो निराशा

प्रतिनिधि सभाको पहिलो र दोस्रो दल मिलेर बनेको सरकारले सय दिने अवधि पुरा गरेको छ । गत ३१ असारमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेका थिए । दोस्रो दल एमालेका अध्यक्ष ओलीलाई प्रधानमन्त्री बनाउन पहिलो दल नेपाली कांग्रेसले समर्थन गरेको थियो । अरू केही साना दलको समेत यो सरकारलाई समर्थन छ । तर मूलतः कांग्रेस–एमाले सरकार हो, यो । किनकि कांग्रेस–एमालेबीच गत १७ असारमा जुटेको ७ बुँदे सहमति बमोजिम यो सरकार बन्यो, र त्यसैअनुसार चलिरहेको छ । ७ बुँदे मात्र नभएर सरकारको न्यूनतम साझा कार्यक्रम तयार पार्नेदेखि महत्वपूर्ण निर्णयहरूमा यो सरकारले साझेदार अरू साना शक्ति सम्झने गरेको छैन । जस्तो– आइतबार मध्यरातसम्म कांग्रेस र एमालेका नेताहरूबीच बालुवाटारमा सरकारकै विषयलाई लिएर छलफल भयो । त्यो बैठकमा जसपा, लोसपा, जनमत र नाउपालाई सहभागी गराइएको थिएन । त्यसैले कांग्रेस–एमालेको यो संयुक्त सरकार हो, त्यसै बमोजिम समीक्षा गरिनुपर्छ ।

सरकार आफैमा समीक्षायोग्य र जवाफदेही हुन्छ । अझ कांग्रेस–एमालेको संयुक्त सरकार भनेपछि अर्थपूर्ण छ । किनकि सामान्य अवस्थामा प्रतिनिधि सभाको पहिलो र दोस्रो दलले सरकार बनाउँदैन । संसदीय अभ्यास, मान्यता र संवैधानिक व्यवस्थाले पनि प्रमुख दुई दलको सरकार परिकल्पना गरिदैन । एउटाले सरकार बनाउने र अर्को प्रमुख प्रतिपक्षमा बस्ने हो । जनताप्रति सरकारलाई उत्तरदायी बनाउन र वैकल्पिक सरकार दिन पनि त्यस्तो अभ्यास हुनुपर्छ । तर सरकारप्रति नागरिकको बढ्दो निराशा चिर्ने विकल्पका रूपमा कांग्रेस–एमालेको संयुक्त सरकार बनाउनुपर्ने निष्कर्ष सहित ओलीलाई प्रधानमन्त्री बनाइयो । कांग्रेसको समर्थनमा ओलीलाई प्रधानमन्त्री बनाउँदै गर्दा संविधानको धारा ७६ (२) बमोजिम राष्ट्रिय सहमतिको सरकार बनाउने भनिएको थियो । तर सरकारले हनिमुन अवधि पार गर्दा राष्ट्रिय सहमतिको सरकार बन्न सकेन ।

राष्ट्रिय सहमतिको सरकार नबन्नु चिन्ताको विषय होइन । किनकि त्यस्तो सरकार बन्नुपर्ने औचित्य स्वयं कांग्रेस–एमालेका नेताहरूले बलियोगरी पुष्ट गर्न सकेका छैनन् । सरकार फेर्न चाहिने तर्कका रूपमा मात्र राष्ट्रिय सहमतिको प्रस्ताव ल्याइएको थियो, खास आवश्यकताले होइन । तर नागरिकमा रहेको निराशा चिर्नुपर्ने बोध सही थियो । राज्यप्रति नागरिकको भरोसा बढाउन पनि नेताहरूमा देखिएको निष्कर्ष कार्यान्वयनमा लैजानुपर्ने थियो । तर हनिमुन अवधि पार हुँदा सरकारले नागरिकमा विश्वास दिलाउनेगरी काम गरेको देखिएन । बरू एकपछि अर्को विवादमा फस्ने, बाढी पहिरो जस्ता प्रकोपका पीडितहरूलाई राज्यको अनुभूति दिलाउन चुक्ने, समन्वय भन्दा पनि दलहरूबीच अविश्वास बढाउने जस्ता कार्यमा सरकार फसेको देखियो । आर्थिक संभावनाका कुनैपनि निर्णय यो सरकारले लिन सकेन । जबकी पहिलो र दोस्रो दल मिलेर बनेको सरकार असफल हुँदा त्यसबाट निम्तने खतराबारे स्वयं कांग्रेस र एमालेकै नेताहरूले सार्वजनिक अभिव्यक्ति दिदै आएका छन् । त्यसैले हनिमुन अवधिमा देखिएका कमजोरी सच्याएर सरकार अगाडि बढ्न आवश्यक छ ।

# जनताले अनुभूत नगरेको लोकतन्त्र

*विपत्मा सबै गुमाएका नागरिकले राज्य भन्ने नै थाहा नपाउनुलाई के मान्ने ? त्यहीबिच उल्टै राज्यबाटै लुटिन पुग्नुलाई कसरी लिने ? दसैँमा समेत नागरिक ठगिन पुगे । महँगीले ढाड सेकिएका नागरिक, पाइलापिच्छे लुटिए । तर, फेरि हामी लोकतन्त्र र जनताको शासन भनेका छौँ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

दसैँको लगत्तै पूर्व गृहमन्त्री समातिए, यसअघि धेरै गृहमन्त्रीहरू समातिएको देश हो हाम्रो । २०७२ को संविधानपछि अख्तियारमा मुद्दा बढेका र ऋण पनि देशले धेरै बढाएको छ । त्यसो त भर्खरैको बाढी पहिरोसँग जुध्न २० अर्ब रकम विश्व बैंकले दिने भएको छ । ऋण र सहयोगमै हाम्रो गणतन्त्र र लोकतन्त्र टिकेको छ, पछिल्लोपल्ट लोकतन्त्र भाटभटेनीमय पनि भएको छ । हामी गणतन्त्र र लोकतन्त्रको दसैं मनाउँदै आएका छौँ । जसरी लोकतन्त्रले आम नागरिकको मन छुन सकेको छैन, दसैँले पनि आम नागरिकको मन छुन नसकेकाले विगतमाझैं, दसैँकै बेला पारेर देशवासीहरू भने विदेसिने क्रम घटेन, बढ्यो, असौजमा मात्रै साँढे ५३ हजार कामदार बाहिरिए । त्यसो त लोकतन्त्रको आम चुनावको मुखैमा पनि नेपालीहरू विदेसिनकै लागि एयरपोर्टमा ठुलै लर्को लागेको हेरेकै हौं सबैले ।



लोकतन्त्रको मुख छ, कान र आँखा भने छैन, ठिक त्यस्तै बाढी पहिरोको पनि आँखा छैन, जता पनि गइदिन्छ । लोकतन्त्रको डोजरले भूगोल भत्काउँदा यसको आँखा गुम भएको हो । बहुचर्चित बिपि राजमार्गलाई हिलो पहिरोले निल्यो, दसैँको मुखैमा । लोकतन्त्र बोकेको सिंहदरबारले दसैँको नवमीदेखि सवारी सञ्चालन हुने हल्लीखल्ली गर्यो, एकतर्फी सञ्चालनमा आएको केहीबेरमै सुख्खा पहिरोले एक सुमो गाडीलाई पुरिदियो मात्रै होइन, एक बसलाई रोसीतिर धकेलिदियो । हिले पहिरो वर्षाको संकेत हो, सुख्खा पहिरो हिउँदको संकेत हो, या यसो भनौं हिउँद होस् या वर्षा नेपालीलाई चैन छैन, सुख छैन, शान्ति पनि छैन, आनन्द त धेरै परको विषय हो, मानौं यी सबै तत्व लुटिएको अवस्था छ कतैबाट । जथाभाबी ढुङ्गा खानी, विदेशीको नक्कल, डाँडो पाखो काटेर पिच सडक, खोला खोलामा डोजर, लोकतन्त्रका वडाध्यक्षहरू विकासे इन्जिनियर भइदिनाले, खोला किनारामा सके आफ्ना मान्छे राख्ने, नसके पार्क, पाटी, क्रियापुत्री भवन, उद्यान, खेल मैदान, मठ, मन्दिर, सत्तल, तरकारी, फलफूलल बजार, हाटबजार, सार्वजनिक भवनका नाममा अतिक्रमण गरेकाले प्रकृतिले आफ्नो पालो कुरेर बसेको थियो । कच्चा बाटो, पुल, कमजोर घर, टहरा, कमसल बालुवा र सिमेन्ट, कमिसनको ठेकेदारी प्रथा अझ यसो भनौं छिटो धनी हुने चाहना र नेपालको भूगोल सापेक्ष विकासको मोडल तय नहुनाले भएको परिणति थियो ।

असोज ११ र १२ गतेको परिदृश्य र यो वातावरण तय गर्ने जिम्मा चालु लोकतन्त्र र यसका संवाहकले नै लिनुपर्छ । क्षतिपूर्ति दिएर राज्यले नसक्ने भइसकेको र बाढी पहिरो 'मैले ल्याएको होइन, म भैंसी दुहुन विदेश गएको पनि होइन' भनेर लोकतन्त्र उम्किने ठाउँ छैन अब । वातावरण जोगाउन आएको आईई र इआईए कानुन लोकतन्त्रले खाइदिएको हो । सहरका खोला छोप्दै नदीहरूलाई ढलमा परिणत गराउँदै, ग्रामीण सडक भन्दै घरघरमा माटो छोप्ने विकास देखाएर बाटो दिने काम यसैले गरेको हो । कर उठाउने नाममा बाँदर लड्ने भीरलाई नगरपालिका बनाएर राजनैतिक रोजगारी बढाएको पनि यसैले हो । दर्जनौंपल्ट मेलम्ची उद्घाटन गराएर उपभोक्तालाई भ्रम छर्ने अनि पानी बेच्ने माफियाहरूले जबरजस्त भूसतहभित्र रहेको पानी निकाल्न लगाएर जमिन खोक्रो कसले पारेको होला ? घर घरका आँगन अगाडि पिच र ढलान गराएर वर्षाको पानी भुइँभित्र जानै नदिने व्यवस्था वार्ड अध्यक्षहरूले नै गराएको होइन र ?

बाढी र पहिरोले बस्ती उडाउने, बाढी सडकमा पोखिने र सडकमा रोपाइँ हुने चलन आएको केही दशक भएको छ, यो पनि लोकतन्त्रको आदर्श र उपहार भएको छ, गाउँमा मान्छे टिक्न नदिने सकेसम्म विदेश धकेल्ने र विप्रेषण कमाउने, संसारकै विप्रेषणमा अब्बल दर्जाको राष्ट्र भनाउने, नसके सहर छिराएर बेरोजगार बनाउने योग्यता पनि छ हाम्रो लोकतन्त्रमा । सातौँ दिन गोरखाबाट फूलपाती आउँदै गर्दा त्यतै मान्छे काटिएछन्, दोलखामा एक गाडीले एक जना खाएर अर्कोलाई घाइते बनाएछ । सातौँ दिनदेखि नै लोकतन्त्रका सुपथमोलका पसल बन्द भइसकेका र पंक्तिकारले दुई वटा ग्याँसका सिलिन्डर रित्तै फर्काएको दिन पनि थियो, उपभोक्ताकर्मी आम सञ्चारमा कुर्लंदै थिए, बजार पहिलेदेखि नै छाडा छोडेको साँढे जस्तै रहेको थियो भने नक्कली यात्रु टिकट, दोब्बर, तेब्बर भाडा असुलेका र कसैले सोधेमा यो रिजर्भ गाडी हो भन्नु है भनेर गाडी साहुहरूले भनेको खबर बाहिर आएको थियो । यतिसम्म निर्लज्ज समाज बनाएको श्रेय पनि लोकतन्त्रलाई नै जान्छ र हिजो थापाथलीमा खुँडा खुकुरी तेर्स्याउने बालेनको डोजरलाई पशुपति गौशालाको धर्मशालाबाट रित्तो हात फर्काएको पनि यति बेला नै थियो ।

अदालतको फैसला भन्दै काठमाडौँ महानगर र पशुपति विकास कोसबिच पशुपति धर्मशाला आफै सञ्चालन गर्ने भन्दै सो कार्यान्वयन गर्न बालेनको टिम गौशाला पुगेर आफ्नो ब्यानर राख्न खोज्दा मारवाडीहरू हुल बाँधेर आए र तिनको हुललाई लोकतन्त्रको गृह प्रशासनले सहयोग गर्‍यो, मारबाडीहरूले भने यो जुद्धशम्सेरले दिएको हो हामीलाई । यसको अर्थ रहन्छ, राणाकाल व्यतीत भएको छैन अझै, चालु छ, केहीलाई मात्रै गएको हो, राणाकालको संरक्षण दिन नै गणतन्त्र र लोकतन्त्र आएको हो । २०४६ सालअघिका तमाम संयन्त्रहरू हाम्रो पुर्खाको देन हो, पुर्खाले आर्ज्याको हो, अरूलाई छुने हक छैन भन्दा पनि अब मिल्ने अवस्थाको संकेत हो यो । आखिर धर्म सम्बन्धी र दसैंका सबै काम त त्यही सेरोफेरोमै भइरहेको देखिन्छ, निरपेक्ष हो भने प्रमुखहरू किन धाउनु पर्‍यो र मन्दिर मन्दिर । उद्योगीसँग बिजुलीको पैसाबारे नरम हुने तर कूलमानलाई कसरी हुन्छ हटाउने योजनामा कटिबद्ध देखिनु लोकतन्त्रकै रुप त होला ? लोकतन्त्रले निषेध गरेका पात्रहरू हुन् रवि, हर्क, हमाल, ढकाल, बालेन, दुर्गाहरू । झोला नबोक्नेहरू अरू धेरैलाई निषेध गरेको छ लोकतन्त्रले, जुन नसुहाउने कुरो हो । दसैंमा टिका दिने, हनुमान ढोकामा दर्जनौं राँगा, बोका बलि दिने, इन्द्रजात्रामा हनुमान ढोका र कुमारी पुज्ने लोकतन्त्रले आफूले धर्म निरपेक्ष भन्छ, नपत्याउने कुरो ।

दसैं भनेर लामो बिदा दिने लोकतन्त्रले बाटोघाटा दुरूह हुँदा राज्यका सवारी साधन हरूलाई पूजा गरेर राख्यो । नेपालीहरूकै कर र नेपालीका नाममा आएको ऋणले नै भए पनि खरिद भएका गाडीहरूले अधिराज्य भरि यात्रुको ओसारपसार गरिदिएको भए हुन्थ्यो, निजी नाइकेहरूले धेरै भाडा धेरै लिए भनेर आम जनगुनासो पनि सुन्न, पर्दैनथ्यो, अथवा त्यो गर्न सकेन क्षमता भएन नेपालीको राहत र उद्धार गर्न भने बाढी र पहिरो देखाएर परिवहन राम्ररी नचलेको देखाएर निजी बिचौलिया व्यापारीहरूले काठमाडौं उपत्यकालाई तरकारी विहीन बनाउँदा र अचाक्ली महँगो गर्दा राज्य संयन्त्रका गाडीहरू गएर तरकारीका काठमाडौं बाहिरका मूल नाकाहरूबाट ताजा तरकारी ढुवानी गरिदिन सकिन्थ्यो । अघिल्ला सालहरूमा २० लाख जतिले उपत्यका छोड्ने गरेकामा यसपालि देशको विषम परिवेशका कारण मुस्किलले आठ लाखले उपत्यका छोडेका र साबिक प्रयोग हुने गरेको र खाद्य र अन्य सरसामग्री अपुग भएकाले यति बेला राज्यले हस्तक्षेप गरेर बजार अनुगमन गर्नु पर्ने थियो ।

उसका सवारी साधनलाई नागरिक उपभोगका लागि प्रयोग गर्नुपर्ने थियो, आखिर संगटग्रस्त क्षेत्र भनेर त घोषणा पनि गरिएकै हो । राज्य आफैं व्यापारी भएको छ, सेवाग्राहीको घाँटी निमोठेको छ, नाफा र नोक्सानको रूपमा हेरेको छ । यो नकच्चरो भनाइ हो, देशले मुद्रा छपाइ नगर्दा रकम बचत भयो रे, अब यसो गर्नु पहिले जति बेला बस्तु साटासाट गर्दा बार्टर सिस्टम थियो, मुद्रा प्रयोग हुन्थ्यो, अब त्यतै फर्कौं सबै, अझ बढी बचत हुन्छ र योभन्दा महँगो संघीयता, लोकतन्त्र र गणतन्त्र पालिरहन सकिन्छ, मुद्राको प्रयोग नै हुन्न । काठमाडौं सबैको केन्द्र, सबै संयन्त्रको मूल जरो यहीं छ, यसलाई जोड्ने सबै सडक, नाका अवरुद्ध भए, काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ, नुवाकोट, सिन्धुली, काभ्रे, सिन्धुपाल्चोक, मकवानपुर सबै जिल्ला विपद्ग्रस्त घोषित भइसकेपछि देश पूरै विपद्ग्रस्त भयो भन्न किन लाज मानेको, आखिर भएकै हो, यसर्थ लोकतन्त्रको काम कुरो हरेक विषयमा डिस्काउन्ट शैलीले हेर्नु, बुझ्नु परेको कसैबाट छिपेको छैन । झुटा आश्वासन र वेदान्ती शैलीको प्रवचन र शुभकामनाले आम नेपालीको दसैं गुलियो हुने होइन र भएन पनि, दसैं हिजो पनि खल्लो नै थियो, विगत झैं यसपटकको दसैं पनि खल्लै भएको हो, यति ठूलो विपत्तिमा राजनैतिक नेतृत्व विकसित देशको मेजमानीमा रहनु र स्थायी सरकारको प्रतिनिधित्व गर्ने निजामती प्रशासनको मुख्यसचिव गृह जिल्लामा गएर खादा, माला, सम्मान लिंदै गर्दा राजनीति बा राजनीतिले बनाएको सार्वजनिक प्रशासनलाई आम नेपालीहरूले कसरी हेर्ने त ?

## सामाजिक सञ्जाल



**- नारायण अमृत**

रवि कुनै स्वतन्त्रताको लडाइँमा हिरासत पुगेका होइनन् न त कुनै आन्दोलनकारी बनेर कस्टडीमा । विशुद्ध सहकारी ठगी आरोपीका रूपमा हिरासतमा छन् । कुनै पनि दलको नेता प्रक्रियागतरूपमा प्रहरी घेरामा पर्दा हामी एउटै अवधारणा बनाऔं । जेल जाने सबै नेता हुँदैनन् । राजनीति र अपराध अलग कुरा हुन् ।



**- किशोर नेपाल**

पछिल्लो समयमा नेपालमा शासकीय अराजकता ह्वात्तै बढेको छ । शासन सभ्य भएमा समाज सन्तुलित रहन्छ । पछिल्लो समयमा नेपालको राजनीतिमा धनको प्रभाव हलक्क बढेको छ । शासनमा धन-पैसा नहुनेको प्रभाव छैन । पैसा नै सत्ताको मियो बनेको छ । यस्तो वातावरणमा देशको भलो कसरी होला ?



**- कृष्ण घिमिरे**

लामिछाने गलत वा सही अदालतको कुरा हो । न्याय कानूनको सही र निष्पक्ष प्रयोगबाट पाइने हो । कुशासन, राज्यसत्ता कब्जा, आफू र आफ्ना मुद्दा ओझेलमा, विरोधीका मुद्दामा चक्रब्यूहमाथि चक्रब्यूह, सरकारमाथि शंका गर्ने ठाउँ छ । भ्रष्ट, विभेदी र प्रतिशोधी अभिभावक भएको परिवार भाँडिन्छ । यहाँ भएको त्यही छ ।



**- च्वयन घिमिरे**

सम्पत्ति शुद्धीकरणले मीनबहादुरसँग बयान लिइसकेको छ, केही जग्गा र सम्पत्ति रोक्का गरिएका छन् । अर्बौंको सम्पत्ति शुद्धीकरण गरेको आधार फेला परेका छन् । बारम्बार अनुसन्धान अधिकृत फेरेर अलमल्याउने काम भइरहेको छ । यही बेला ओलीले अर्बभन्दा बढीको जग्गा दान लिएका हुन् ।

# रास्वपाले देखाउन नसकेको संस्कृति

विचार



● शिव विक 'मिलन'

*विडम्बनाको कुरा नै भन्नुपर्छ, परम्परागत शक्तिलाई विस्थापन गर्ने भन्दै वैकल्पिक शक्तिको रूपमा उदाएको रास्वपाको प्रदर्शन, प्रदर्शनमा नेताहरूको आक्रोशपूर्ण अभिव्यक्ति र कार्यकर्तालाई गरिएका सर्कुलर निकै अत्यास लाग्दा छन् । नेताहरूका उत्तेजनात्मक अभिव्यक्ति हेर्दा लाग्छ, रास्वपामा लामिछानेको समर्थक कसले बढी गर्‍यो भन्ने देखाउने होडबाजी चलेको छ । लामिछानेको असली हकदार को हो भन्ने देखाउन खोजिएको छ ।*

विगतमा पनि गृहमन्त्री भइसकेका कृष्णबहादुर महरा, बालकृष्ण खाँड, टोपबहादुर रायमाझीलगायत पक्राउ परेका थिए । उनीहरूमाथि पनि कानुनी कारबाही भएका छन् । उनीहरू सबैजसो आफ्नै पार्टी सरकार नजिक भएको बेला पक्राउ परेका थिए । उनीहरू पक्राउ पर्दै गर्दा सरकारमा खास फरक परेन । ती पनि गृहमन्त्री थिए, पार्टीभित्र प्रभावशाली थिए । तर, आज रास्वपा सभापति पर्दै गर्दा ठुलो विरोध गरिएको छ । पक्राउ गर्नु नै नियतजन्य भएको भन्ने भाष्य बनाइएको छ । यो सरासर गलत भएको देखिन्छ । कानुनको दायरामा आएपछि प्रदर्शन गर्नु कानुनी राज्यको उपहास र शक्ति पृथकीकरणको अपमान सिवाय केही होइन । अहिले रास्वपाको लागि कानुनी प्रतिवाद नै एक मात्र विकल्प हो ।

रास्वपा पार्टी नै टायर बाल्नेलाई गाली गरेर उदाएको पार्टी हो । बन्दको विरोधी पार्टी हो । उसको सुरुवात नै परिवर्तनको लागि भएको भन्ने बनाइएको छ । तर, आज उ एक जना (सभापति) जो बारम्बार कहिले आफ्नै सहकर्मीको आत्महत्या दुरुत्साहन, नागरिकता, पासपोर्ट काण्ड र सहकारी ठगी तथा सङ्गठित अपराधमा मुछिन्छ, ऊमाथि कानुनी अनुसन्धान हुँदै गर्दा टायर बालिन्छ । सडकमा जिन्दाबाद र मुर्दावादका नारा लाग्छन् ।

सहकारी ठगीका नाउँमा पक्राउ पर्नेमा रवि लामिछाने एक्लो होइनन् । सहकारी ठगीमा अरू कयौं मानिस पनि पक्राउ परेका छन् । अनुसन्धानमा तानिएका छन् । कोही सर्वसाधारण छन् त राजनीतिक पृष्ठभूमिका छन् । रास्वपाको रवैयाले प्रश्न उठाएको छ, के राजनीति गरेकालाई अनुसन्धान नै गर्न नपाइने हो ? नेपाल प्रहरीकै पूर्व डिआइजी छविलाल जोशी पक्राउ पर्दा, के पूर्व प्रहरीको संगठनले कुनै प्रकारको विज्ञप्ति निकाल्यो ? के कसैले सडकमा आगो बाले ?

विडम्बनाको कुरा नै भन्नुपर्छ, परम्परागत शक्तिलाई विस्थापन गर्ने भन्दै वैकल्पिक शक्तिको रूपमा उदाएको रास्वपाको प्रदर्शन, प्रदर्शनमा नेताहरूको आक्रोशपूर्ण अभिव्यक्ति र कार्यकर्तालाई गरिएका सर्कुलर निकै अत्यास लाग्दा छन् । नेताहरूका उत्तेजनात्मक अभिव्यक्ति हेर्दा लाग्छ, रास्वपामा लामिछानेको समर्थक कसले बढी गर्‍यो भन्ने देखाउने होडबाजी चलेको छ । लामिछानेको असली हकदार को हो भन्ने देखाउन खोजिएको छ । स्पष्ट हुँदा हुन्छ, लामिछानेले पहिला सहकारी नै चिनेका थिएनन्, पछि ऋण लिएको होइन भने, पछि ऋण तिरेको समेत भने, के उनीमाथि छानबिन नै गर्न नहुने हो ?

